# ‘समुद्रपारका समालोचना’को विमोचन

वाशिंटन डिसी मे ११,

नेपाली कथा साहित्यका बरिष्ठ हस्ताक्षर कथाकार मधुवन पौडेलको सम्मानमा अनेसास डि सी मेट्रो च्यापटरले आयोजना गरेको सम्मान समारोहमा साहित्यकार तथा अनेसासका संस्थापक अध्यक्ष होमनाथ सुवेदीको नव प्रकाशित समालोचना कृति ‘समुद्रपारका समालोचना’ कथाकार मधुवन पौडेलको हातबाट विमोचन गरिएको थियो । सो समारोहमा सम्मानित कथाकार मधुवन पौडेलले भन्नुभयो-अमेरिकामा देखिएका यस्ता साहित्यिक कार्यले उहाँ स्वयम्लाई पनि अझ बढी हौसला मिलेको छ । कार्यक्रमका प्रमुख अतिथि नेपाली दूतावासका कार्यवाहक राजदूत कालिप्रसाद पोखरेलले डिसीको साहित्यिक गतिविधिले आफू प्रभावित भएको वताउँनु भयो । अनेसास डिसी च्याप्टरका महासचिव विपिन भुर्तेलले संचालन गर्नुभएको सो कार्यक्रममा सभाका सभापति कथाकार गोविन्द गिरी ‘प्रेरणा’ले कृति विवेचना गर्दै भन्नुभयो -यो ‘समुद्रपारका समालोचना’का लेखक स्रष्टा र द्रष्टा दुवै भएकोले यो अत्यन्त गहन समालोचना र नेपाली डायास्पोराको अझ दरिलो स्तम्भ बन्नेछ ।’ स्रस्टा होमनाथ सुवेदीले आफ्नो कृतिका वारेमा मन्तव्य प्रस्तुत गर्दै भन्नुभयो -‘समुद्रपारको समालोचना’ लेख्न १२ वर्ष लाग्यो । यसमा सुरुमा फुटकर रचनाको अवलोकन गर्दै पत्र पत्रिकाबाट पुस्तकहरुको विवेचनामा उक्लिएको छु र अन्तमा आप्रवासी नेपालीको अन्तर्राष्ट्रिय संमेलन, ई. २००५को प्रस्तुत कार्यपत्रलाई यसको उपसंहार बनाएको छु । ‘डायस्पोरा नृपध्वज कार्की नेपाली साहित्य प्रथम पुरस्कार–२००७’को नगद राशी पुरस्कार लिदा नै इच्छाए अनुरुप यसको प्रकाशनमा लगाएको छु । यसको आयले अनेसासका २००५ विजयी कृति समीक्षाको प्रकाशनको लागि खर्च हुनेछ । उहाँले आशा व्यक्त गर्दै भन्नुभयो : आप्रवासी नेपालीको अन्तर्राष्ट्रिय संमेलन, ई. २००५को अवधिपछि लेखिएका समालोचनाहरु यसमा समावेश गर्न सकिएन । भविष्यमा स्वास्थ्य र समयले साथ दिए त्यो इच्छा पनि पुरा गरौंला भन्नेछ । सो अवसरमा अनेसासका भूपू अध्यक्ष बसन्त श्रेष्ठको मन्तव्य तथा रात्री-भोजबाट कार्यक्रम अन्त गरिएको थियो ।




पाठकको जानकारीको लागि यो कृतिको बृहद् आकार, अनुशीलनको दायरा जति फराकिलो छ त्यति यसको मूल्य धेरै छैन । केवल युएस् डलर १५.००मात्र छ । यो आजको महंगी र नेपालदेखि अमेरिका सम्मको ढुबानी खर्च हेर्दासामान्य मूल्य मात्र भने हुन्छ । यो कृति किन्न इच्छुक पाठकले फोन नम्बर ७०३–४९१–१०१४, hsubedi@gmail.com सम्पर्क गर्न निर्देशित गरिएको छ । नेपालमा लुष प्रेस, फोन ४७८२८२४बाट प्राप्त गर्न सकिन्छ ।




**‘समुद्रपारका समालोचना’ भित्र परेका कृतिका समीक्षाहरु यस प्रकारका छन् ।**

<u>प्रवेश</u>

१. नेपाली साहित्यको विकासमा आप्रवासी नेपालीको भूमिका

-हिजो, आज र भोलि -(प्रथम प्रस्तुति-१९९४ जुलाई)

२. नेपाली साहित्यको विकाशमा

क्यानाडा, युके, जापान र युएस्ए. -(द्वितीय प्रस्तुति-१९९६ मई)

३. नेपाली साहित्यको विकाशमा

क्यानाडा, युके, जापान र युएस्ए. -(तृतीय प्रस्तुति-१९९७ जुलाई)

<u>कविता-महाकाव्य-गीती कविता-मुक्तक</u>

४. सात समुद्रपारका समसामयिक नेपाली कवि र कविता

५. डा.शिव गौतमका कविता–सपनाका रंगहरुमा,

६. अध्यात्म-यात्राको अन्तरावर्तमा

७. रमाका कविता

८. बिंबको भावभूमिमा ‘जीवित कङ्काल’

९.‘चौतारी कविता-सङ्ग्रह’ भाग २ को प्राप्ति,

१०. ‘मान्छे, ढुङ्गा र ईश्वर’को अवलोकन

११. ‘मैले खोजेको आकाश-धर्ती’को परिक्रमा

१२. ‘कवितामा अमेरिका’को पोष्टमार्टम

१३. हेमनाथका नवीनतम कविता,

१४. ‘प्रेम-पराग’को मन्थन

१५. नगेन्द्रको कविताको पर्खालभित्र पस्दा

१६. ‘मुटुनेरीको सिस्नेरी’को सीमा,

१७. आलुबारीमा देवताको दर्शन

१८. कविताक्यालेण्डर २०६१ को कमनीयता

१९. ‘गोलमाल’को गरीयता

२०. “स्रग्धरा”-महाकाव्यको यात्रा,

२१. ‘नया ईश्वरको घोषणा’को गवेषणा

२२. ‘अनुभूतिका सङ्ला पानाहरु’को परिचय

२३. “मलाई छुने मन” को मनन

कथा

२४. सम्झौताको मोडमा ‘एक नजर’

२५. बाबाको ‘उन्यू फुलेपछि’ कथा संग्रह

२६. 'कसिंगर' लघुकथा संग्रह एक अनुशीलन

२७. कमला सरुपको दोश्रो कथा-सङ्ग्रह

२८. प्रेमको खोजीमा एक खजाना

<u>उपन्यास</u>

२९. च्यात्न नसकेको चिठीको विचरण

३०. 'आज फेरि बेड फेरिन्छ'को एक फन्का,

<u>नियात्रा</u>

३१. प्रमिलाको नियात्रा दोश्रो कृतिमा

३२. नगेन्द्रको यात्राको बङ्गलादेश

३३. गुड बाइ अमेरिका-केलाउँदा

<u>समालोचना</u>

३४. 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण'को अवलोकन

*<u>अन्तमा</u>*

३५. आप्रवासको नेपाली साहित्य (चतुर्थ प्रस्तुति अक्टोबर, २००५)

यो 'समुद्रपारको समालोचना' कृतिको भूमिकामा डा.तारानाथ शर्मा यसलाई प्रवासको प्रेरक र प्राञ्जल प्रसून भन्दै लेख्नुभएको छ : सात समुद्र तरेर नेपाली मूलका रचनाकारहरूले नेपाली भाषामा सिर्जना गरेका साहित्यिक कृतिहरूका परिचय, व्याख्या, विश्लेषण तथा समालोचनात्मक निरूपणहरू होमनाथ सुवेदीकृत 'समुद्रपारका समालोचना' नामक ग्रन्थका विशेषता हुन् ।

मूल्य : नेपाल र दक्षिण पूर्व एसियामा ने.रु. २००।००

नेपाल र दक्षिणपूर्व एसिया बाहिर यूएस् डलर १५।००

मुद्रकः लुष प्रेस, नयाँ बानेश्वर फोन/फ्याक्स ४७८२८२४,

पाइने ठेगानाः In USA International Nepali Literary Society, 1727 Horner Road, Woodbridge, VA 22191, 703-491-1014, Email: info@inls.org, http://www.inls.org

In Nepal, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, ॐ गल्ली-३०, नयाँ बानेश्वर, का.न.पा. १०, काठमाडौं, नेपाल